# नारी उन्मुक्तिका पक्षमा गौरा पर्व

**जनक रसिक**

janak.rasik@gmail.com

**लेखसार**

गौरा पर्व सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका केही स्थानहरूको मौलिक सामाजिक र सांस्कृतिक पर्व हो । यसलाई विषेशतः विगतको ऐतिहासिक डोटी राज्यअन्तर्गतको पहाडी समुदायको प्रमुख पर्वको रूपमा लिइन्छ । यो पर्वसम्बन्धी प्रचलित मान्यताहरू, मनाउने तरिकाहरू र भूमिका तथा सहभागिताका आधारमा हेर्दा यसलाई महिला श्रेष्ठताको पर्व मान्न सकिन्छ । गौरा पर्वसम्बन्धी क्षेत्रअनुसार फरकफरक किंवदन्तीहरू छन् । यसका वैदिक र पौराणिक मान्यताहरू पनि विविध प्रकारका छन् । तर सबैजसोमा महिला मुक्ति, समानता र सम्मानको मूलमान्यता अङ्गिकार गरिएको छ । प्रस्तुत लेखमा गौरा पर्वका विविध मान्यताहरू, यो मनाउने विधि वा प्रक्रिया, सामाजिक र सांस्कृतिक आयाम तथा यी सन्दर्भमा नारीहरूको भूमिका, स्थान र अस्तित्वको अवस्था चित्रण गर्ने प्रयास गरिएको छ ।

**शब्दकुञ्जी** : गर्खा, फाग, बिरुडी, सञ्जा ।

**विषय प्रवेश**

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक समुदायको देश हो । यहाँ हरेक भूगोल र समुदायका फरकफरक रीतिरिवाज, चाडपर्व तथा जीवनशैली रहेका छन् । उसो त व्यक्ति परिवार, समाज र समुदायको आर्थिक अवस्थाले पनि रीतिरिवाज र चाडपर्वहरूको स्वरूप निर्धारण गरेको हुन्छ । यसरी हेर्दा भूगोल, वर्ग, धर्म र समुदायपिच्छे फरकफरक रीतिरिवाज तथा चाडपर्वहरू प्रचलनमा रहेको पाइन्छ । हरेक चाडपर्वका आफ्नै सामाजिक, सांस्कृतिक, धार्मिक आयामहरू रहेका हुन्छन् ।

नेपालका विविध मौलिक एवम् पृथक पहिचानका पर्वमध्ये गौरा पर्व पनि एक हो । गौरा पर्व नेपालको सुदूरपश्चिम क्षेत्र, कर्णालीका केही

स्थान र भारतको कुमाउँ गढवालका कतिपय समुदायमा मनाइने मौलिक पर्व हो । विगतमा सुदूरपश्चिमका पहाडी जिल्लाहरू डडेल्धुरा, बैतडी, दार्चुला, डोटी, अछाम, बझाङ र बाजुरामा मनाइने यो पर्व यहाँका समुदायहरू तराई बसाइँसराइ गरेसँगै कैलाली र कञ्चनपुरमा पनि धुमधामका साथ मनाइन्छ । विगतमा सुदूरपश्चिमका पहाडी समुदायको श्रेष्ठ चाड गौरालाई मान्ने गरिन्थ्यो । गौरा पर्वबारेको मूल्यमान्यता, मनाउने शैली र उत्सवका आयामहरू अन्य चाडपर्वभन्दा नितान्त फरक हुनु नै यसको मौलिकता र विशिष्टता हो । विज्ञान, प्रविधि र भौतिक विकाससँगै यसका केही तौरतरिकामा परिष्कृत हुँदै गइरहेको छ । यसका साथै अन्य आयातित चाडपर्वहरूको हस्तक्षेप पनि दिनानुदिन बढिरहेको छ । तर पनि सुदूरपश्चिमको पहाडी समुदायमा वर्तमानमा पनि गौरा श्रेष्ठ चाडको रूपमा चिनिन्छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन समाज र संस्कृतिसँग सम्बन्धित रहेकोले गुणात्मक आगमनात्मक अनुसन्धान पद्धति अवलम्बन गरिएको छ । त्यसका लागि स्थलगत अवलोकन, सहभागिता, लोकोक्ति तथा गौरा पर्व मनाइने केही स्थानका एक दर्जन जति सामाजिक अगुवा, जानकार, ड्यौडिया, फगारीहरूसँगका औपचारिक अनौपचारिक छलफल र प्रश्नोत्तरबाट सङ्कलित सामग्रीहरूलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । द्वितीय स्रोतका रूपमा गौरासम्बन्धी सामग्री प्रकाशित केही पुस्तक, पत्रिका र अनलाइन सामग्रीहरू उपयोग गरिएको छ । लैङ्गिक समानता, समता र नारी पक्षधरतालाई केन्द्रमा राखेर वैयक्तिक तथा सामाजिक अनुभूतिका आधारमा निगमनात्मक विधिबाट सामग्रीहरूको अन्तिम विश्लेषण र निष्कर्ष निकाल्ने कार्य गरिएको छ ।

समाजशास्त्रीय दृष्टिकोण र नरीवादी दृष्टिकोण विश्लेषणका मूल आधार हुन् । गौरा पर्वका समयमा नारीहरू केकस्ता गतिविधहरूमा कुन रूपले सहभागी हुन्छन् भन्ने तथ्यलाई वर्णनात्मक शैलीमा विवेचना गरेर स्पष्ट पारिएको छ । अध्ययनका क्रममा गौरा पर्वसम्बन्धी विविध सामग्रीहरू सङ्कलन गरिए पनि नारी उन्मुक्तिको विषयलाई बल पुऱ्याउने र नारी अग्राधिकार झल्किने सामग्रीहरूलाई मात्र यहाँ अध्ययनविश्लेषणको विषय बनाइएको छ ।

## गौरा सङ्क्षिप्त परिचय

संस्कृत भाषाको *गौरी* शव्द अपभ्रंश हुँदै स्थानीय बोलीचालीमा गौरा बनेको हो । गौरा भनेर पार्वती वा सतीदेवीलाई बुझिन्छ । गौरा पर्वको सन्दर्भमा फरक स्थान र समुदयमा यसलाई गोरा, गोःरा, गौरा, गमरा, गुमरा, गँवरा, लोलीगोरा, दुबाटु आदि नामले समेत सम्बोधन गरिन्छ । गौरा पर्व विशेषतः सुदूरपश्चिम तथा कर्णाली प्रदेशका पहाडी हिन्दु किसान समुदायमा उच्च महत्त्वका साथ मनाइँदै आएको पर्व हो । तर पछिल्लो समय विज्ञान तथा प्रविधिको विकास, बसाइँसराइ तथा विश्वव्यापीकरणका कारण यो देशका विभिन्न स्थानमा मात्र नभएर विदेशमा पनि मनाइन थालिएको छ । यद्यपि समय परिस्थितिअनुरूप यसलाई मनाउने तरिकामा भने परिमार्जन र पृथकीकरण हुँदै आएको पाइन्छ । वर्तमानमा राजधानी काठमाडौँमा पनि गौरा उत्सव भव्यताका साथ मनाइन थालिएको छ । गौरा पर्वलाई महत्त्वपूर्ण राष्ट्रिय पर्वको रूपमा स्वीकार गरेर सरकारले पनि यस अवसरमा एक दिन सार्वजनिक बिदा दिने गरेको छ । सुदूरपश्चिम प्रदेश सरकारले भने प्रदेशभित्र थप एक दिन सार्वजनिक बिदा दिने गरेको छ ।

गौरा पर्वको आफ्नै प्रकारको भौगोलिक तथा सामाजिक पृष्ठभूमि रहेको छ । सुदूरपश्चिमका ग्रामीण पहाडी समुदायमा चैत्र महिनादेखि साउनसम्म लगातार जसो खेतीपातीको काम हुने गर्दछ । यो समयमा गहुँ काट्ने, चुट्ने, खेत खनजोत गर्ने, धान रोप्ने, कोदो छर्ने, गोडमेल गर्ने, दालहन रोप्नेजस्ता यावत कार्यको चटारो हुन्छ । यी अधिकांश काममा महिलाहरूकै सहभागिता हुन्छ । भदौ लागेसँगै महिलाहरू यी कामबाट केही मात्रामा मुक्त हुन्छन् ।

डोटेली समुदायमा एउटा उखान छ– मरुँला भनी बिसुँ खानु, बाँचुला भनी ओल्के खानु ! बिसुँ पर्व

(वैशाख सङ्क्रान्ति) सँगै गर्मी मौसम सुरु हुन्छ । त्यसको लगत्तै वर्षात् लाग्ने भएकाले जताततै हिलोमैलो हुन्छ । निम्न वर्गीय किसान समुदायका लागि यी चार महिना निकै कष्टकर हुने गर्छन् । विभिन्न रोगव्याधीहरूको सङ्क्रमण, बाढीपहिरो आदि प्राकृतिक प्रकोप यिनै महिना अत्यधिक हुने गर्दछन् । सामाजिक संस्कार र कार्यविभाजन परिपाटी हेर्दा महिलाहरू प्रकोपमा बढी पर्ने गरेका छन् । तर जब ओल्के (भाद्र सङ्क्रान्ति) आउँछ, वर्षात् सकिएर पारिलो घाम लाग्छ । सेरोफेरो सफा र सुन्दर देखिन्छ । मेलापात र हिलोमैलोले खाएका ग्रामीण महिलाहरूका हात पैतला तङ्ग्रिन थाल्छन् । गौरा पर्व यही सन्दर्भमा मनाइन्छ । यो आयामबाट हेर्दा गौरालाई ग्रामीण किसान समुदायका महिलाहरूको उमङ्गको पर्व मान्न सकिन्छ ।

वैदिककालदेखि नै शिवगौरीको महिमा, करुणा र शक्तिबारे प्रशस्तै वर्णन गरिएको पाइए पनि गौराव्रत परम्पराको थालनीका बारेमा पौराणिक आख्यानलाई नै आधार मानिन्छ (विनाडी, २०७९, पृ.११) । श्रीमद्देवीभागवत् महापुराणको षष्टम् स्कन्धको सोह्रौँ र सत्रौँ अध्यायमा वर्णन गरिएअनुसार प्राचीन हैहयवंशी राजा सहस्रार्जुनले भृगुवंशीय ब्राह्मणहरूबाट आफ्नो धन फिर्ता माग्ने क्रममा ब्राह्मणलाई मारेपछि विधवा भएकी ब्राह्मणीहरूले आफ्नो सतीत्व रक्षार्थ निराहार रहेर गरेको उपासनाको फलस्वरूप एउटा तेजवान् पुत्र प्राप्त गरिन् । तिनै पुत्रको तेजले अन्धा हुन पुगेका सहस्रार्जुनले माफी माग्नु परेकाले गौरी अर्थात् पार्वतीलाई सर्वशक्तिमान् सम्झिएर उनकै सम्झनामा गौरा पर्व मनाउन थालिएको उल्लेख छ ।

धार्मिक मान्यताअनुसार गौरालाई महिलाहरूले गौरा-महादेवको विवाहोत्सवको रूपमा पनि मान्ने गरेको भनाइ छ । महिलाहरूले गौराव्रत बसेमा श्रीमान्को आयु बढ्ने, परिवारमा सुखशान्ति प्राप्त हुने मान्यता रहेको छ । उसो त यहाँका हरेक जिल्लामा गोरा मनाइने केही तौरतरिका पृथक पनि छन् । यसैगरी गोरा पर्वबारेका भाष्य र लोककथामा पनि एकरूपता छैन । यहाँका गर्खापिच्छे भाष्य तथा उपकथाहरू फरकफरक छन् । केही गर्खाहरूमा महेश्वरले पुरानी श्रीमती अतिकालो वर्णकी भएकीले दोस्रो विवाह गरेको कथा प्रचलनमा छ । कतिपय धार्मिक आख्यानहरूमा पनि यो प्रसङ्ग उल्लेख भएको पाइन्छ ।

## गौरा पर्वमा सञ्चालन हुने मुख्य गतिविधिहरू

साधारणतया चाडपर्वहरू निश्चित पक्ष र तिथिमा मनाइन्छन् । वैदिक मान्यताअनुरूप गौरा पर्व भाद्र कृष्ण पञ्चमीबाट सुरु भएर भाद्र कृष्ण अष्टमीमा समापन हुन्छ । तर स्थानीय अनुकूलताअनुसार गौरा विसर्जन कार्य केही दिन लम्बिन सक्छ । गौरा पर्व कुनै वर्ष कृष्णपक्ष र कुनै वर्ष शुक्लपक्षमा पर्दछ । कृष्णपक्षमा पर्ने गौरालाई उज्याली गौरा र कृष्णपक्षमा पर्ने गौरालाई अँध्यारी गोरा पनि भनिन्छ । बिरुडा भिजाउने, बिरुडा पखाल्ने, लोलीगोरा (पानीको मुहानमा स्थापना गरिने गौरा) पूजन, गौरा भित्र्याउने, सञ्जा भित्र्याउने, गौरा मिलाउने (मूल पूजा) र गौरा विसर्जन यो पर्वका मूल कर्म हुन् । यी सबै कर्म महिलाहरूबाटै हुन्छन् । व्रतालु महिलाले पूजामा प्रसादको रूपमा पनि बिरुडा मात्र प्रयोग गर्छन् । साधारणतया सात दिन मनाइने गौरा पर्वको विशेष अनुष्ठानबारे महिल*ाहरूले गाउने फाग निम्नानुसार छ–*

*पणेवाका दिन इजु, लिपिघसी अऱ्या*
*दितियाका दिन इजु, छोयोलोणी लाया*
*तिरतियाका दिन इजु, लुगणी सुजाया*
*चउथीका दिन इजु, बिरुणी केलाया*
*पञ्चमीका दिन इजु, बिरुणी भिजाया*
*षष्ठीका दिन इजु, बिरुणी पखाल्या*
*सप्तमीका दिन इजु, लोली माइत लेया ।*
*(स्रोत : कलावतीदेवी कापडी, फगारी, कापडीगाउँ डडेल्धुरा)*

उपर्युक्त फागबाट के प्रस्ट हुन्छ भने प्रतिपदादेखि चौथीका दिनसम्म सरसफाई, शुद्धाशद्धी, र तयारीका कामहरू हुन्छन् । पञ्चमीका दिनदेखि मुख्य अनुष्ठानहरू सञ्चालन हुन्छन् । पञ्चमीका दिन बिरुडा भिजाइन्छ । गहुँ, केराउ, गहत, मास, चना, मकै र गुराँसमध्ये कुनै पाँच प्रकारका गेडागुडी

मिसाएर तामाका भाँडामा भिजाइने अन्नको समिश्रणलाई बिरुडा भनिन्छ। महिलाहरूले गौरा पर्व सुरु भएको दोस्रो दिन पानीका मुहान र पँधेरामा शुभमुहूर्तमा सामूहिक रूपमा बिरुडा धोएर गौरा देवीको प्रतिस्थापन गर्दछन्। सप्तमीका दिन गौरा देवीलाई नजिकको मठमन्दिरमा भित्र्याइन्छ। महिलाहरूले खेतमा गएर धान, बलु, कुस, दुबो, साउँ, पाती, कुर्जो, तिल र अपामार्ग गरी नौ प्रकारका बिरुवाहरूलाई गौराको रूपमा भित्र्याउने चलन छ। आयुर्वेदका दृष्टिकोणले महत्त्वपूर्ण यी बिरुवालाई नवदुर्गाको प्रतीकको रूपमा लिने गरेको पाइन्छ।

## गौराका गतिविधिहरूमा नारीहरूको भूमिका

समग्र हिन्दु समुदाय नै पुरुषप्रधान चरित्रको भएको अवस्थामा ग्रामीण निम्नमध्यम वर्गमा नारीको स्थान न्यून महत्त्वका रूपमा ग्रहण गरिनु अनौठो होइन। सुदूरपश्चिम पहाडी समुदायमा पनि दैनिक घरव्यवहार र चालचलनमा पुरुषहरूका तुलनामा महिलाहरू उपेक्षित र उत्पीडित छन्। हरेकजसो संस्कार र उत्सवहरूमा महिलाको स्थान पुरुषका तुलनामा निम्न दर्जामा राखिएको हुन्छ। पुरुषहरूले दिएको ग्रहण गर्ने र अह्राएको काम गर्ने नियतिमा महिलाहरू गुज्रिरहेका छन्। तर कतिपय अवसर र पर्वहरूमा भने सांस्कारिक रूपमै महिलाहरूलाई विशिष्ठ स्थान दिइएको छ। विशेषतः सुदूरपश्चिमको समाज, सभ्यता र संस्कृतिमा महिलाहरूलाई उच्च स्थान दिइएको एक पर्व गौरा हो। गौराको विषय, सन्दर्भ, मनाउने तरिका, भूमिका, सहभागिता आदिका दृष्टिकोणले पुरुषका तुलनामा महिलाहरूलाई अग्राधिकार दिइएको छ। यसका कतिपय सन्दर्भ र कथनहरू विश्लेषण गर्दा मानव समाजको निर्माणमा महिलाहरूको श्रेष्ठता दर्शाइएको छ। गौराका केही मुख्य गतिविधिहरूमा नारीको भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ–

### पूजाआजा र मुख्य गतिविधहरूमा नारीको स्थान

बिरुडा राख्ने, बिरुडा पखाल्ने, पन्याराकी गौरा, गौरापूजा, गौरा नचाउने, गौरा विसर्जन आदि गौरा पर्वमा गरिने मुख्य गतिविधिहरू हुन्। यी सबै कर्महरू महिलाहरूले मात्र गर्छन्। यी गतिविधिहरूमा पुरुषहरूको कुनै संलग्नता हुँदैन। कतिपय गतिविधिमा दर्शक वा बाह्य व्यवस्थापनमा सानोतिनो सहयोगीको भूमिकामा रहे तापनि पुरुषहरूको प्रत्यक्ष भूमिका हुँदैन। पुरुषबाट गौरा पूजन, उपवास, व्रत आदि पनि हुँदैन। गौराको प्रसादका रूपमा रहने बिरुडा वितरण गर्ने कामसमेत महिलाहरूले नै गर्छन्।

गौरा स्वयं नारी प्रतिमूर्ति हुन्। गौरा स्थापना गरिएको स्थानमा समेत गौराको प्रतिमालाई नै अत्यधिक महत्त्व दिइएको हुन्छ। महेश्वरको प्रतिमा पनि सँगै रहने र सिद्धान्ततः नारीपुरुष दुवै बराबर भनिए तापनि गौरापूजाको समयमा गौरालाई मात्र धेरै महत्त्व दिइएको हुन्छ। गौरा पूजाका गतिविधिहरूमा मुख्य कर्ता महिला नै हुने भएकाले गौरालाई नारी श्रेष्ठताको पर्वको रूपमा लिन सकिन्छ। सप्तमीका दिन गौरादेवीलाई चढाएको दुबो र धागो अष्टमीका दिन अभिषेक गरेर महिलाहरूले घाँटीमा लगाउँछन्। गौरापूजा विवाहित नारीहरूले मात्र गर्दछन्। पहिलोपटक व्रत बस्ने महिलाहरूले शुक्लपक्षमा पर्ने गौरा (उजाली गौरा) बाट व्रत सुरुवात गर्ने चलन रहिआएको छ। हिन्दु धार्मिक मान्यताअनुसार पुरुषहरूलाई जनै लगाएपछि योग्य पुरुष मानिन्छ। त्यसैगरी महिलाहरूले दुबो र धागो लगाएपछि योग्य महिला मानिन्छ। पुरुषहरूले व्रतबन्ध गरेर जनै लगाउँछन भने महिलाहरूले गौरापूजा गरेपछि दुबो र धागो लगाउँछन्। यसका आधारमा गौरापर्व महिलाहरूलाई योग्य बनाउने पर्व पनि हो। उसो त गौरालाई शुद्धतामा विश्वास गर्ने देवीका रूपमा लिइन्छ।

### प्रतिमामा नारीको स्थान

गौरामा गौरा र महेश्वरका प्रतिमा स्थापना गरिन्छ। मूलतः कुश, काँस, साउँ, दुबो र तितेपाती गरी पाँच प्रजातीका बोटबिरुवाबाट तयार गरिने गौराको प्रतिमा सञ्जा र लोलीगोराको संयोजनबाट तयार गरिन्छ। उपलब्धताका आधारमा कतिपय स्थानमा तिल, अपामार्ग, धान आदिको प्रयोग पनि गरिन्छ। कतिपय स्थानमा लोलीगौरालाई जेठी गौरा

र सञ्जालाई कान्छी गौरा भन्ने चलन पनि छ। आकारमा देवीकै मूर्तिजस्तो देखिने गौराको प्रतिमा डालोमा राखिन्छ। गौरालाई आभूषण वस्त्रादीले सजाएर दुलहीझैँ आकर्षक बनाइन्छ। नियमित पूजा र अन्तिम उत्सवमा पनि गौराको विशेष सम्मान गरिन्छ। महेश्वरको प्रतिमा पिपल वा अन्य शुद्ध मानिने कुनै काठबाट तयार गरिएको हुन्छ। त्यसलाई सामान्य पहेँलो वस्त्रले ढाकिन्छ। यसरी हेर्दा पूजामा होस् वा अन्तिम उत्सवमा या विसर्जनकै समयमा होस्, गौराको प्रतिमालाई उच्च महत्त्व र सम्मान दिइन्छ भने महेश्वरको प्रतिमालाई तुलनात्मक रूपमा कम महत्त्व दिइएको प्रस्टै देखिन्छ। गौराको मुख्य आकर्षण नै गौराको प्रतिमा हो, जुन देवी या नारीको प्रतिमूर्ति हो। प्रतिमामा समेत पुरुषभन्दा नारीलाई नै विशेष महत्त्व दिइएको छ।

## सञ्जा मिलनको सन्देश

सञ्जाको अर्थ साथीसङ्गी हुन्छ। गौराको पूर्ण प्रतिमा गौरा र सञ्जाको संयोजनबाट बनाइन्छ। अघिल्लो दिन गौरा भित्र्याइन्छ। कुनैकुनै भेगमा यसलाई लोलीगौरा पनि भनिन्छ। कतिपय भेगको मान्यताअनुसार लोलीगौरा काली हुन्छिन् र अतिकाली भएकैले महेश्वरलाई उनी मन पर्दिनन्। महेश्वरले रूपवान् युवती सञ्जालाई दोस्रो विवाह गरेर भित्र्याउँछन्। सौता ल्याएकोमा गौराले महेश्वरलाई नानाथरी धम्की र चेतावनीसमेत दिन्छिन्–

चौको फोडी दिउलो देउडो उदाइ दिउलो।
विय अरन कसो दिउलो ॥
चौको फोडी देमौलो देउडो उदाइ दिउलो।
माया स्वर असुकन हुन्ना ॥
चौको फोडि देल्यौ देउडो उदाइ दिल्यौं।
गणपति असुकन हुन्ना ॥

*(अठेवालीका गौरा गीत, स्रोत : बसन्ती अवस्थी, फगारी, शङ्करपुर बैतडी)*

अन्तमा महेश्वरले याचना गर्दै दुवै पत्नीहरूले भनेबमोजिम आफू सबै कुरा मान्ने र उनीहरूको सल्लाहबमोजिम र उनीहरूकै खुसीका लागि काम गर्ने वाचाबन्धन गर्छन्। त्यसपछि काली गौरा र गोरी सञ्जा मिलाएर नयाँ प्रतिमा बनाइन्छ; जसलाई गौराको पूर्ण प्रतिमा मानिन्छ। यो घटनालाई दुइटा आयामबाट विश्लेषण गर्न सकिन्छ। पहिलो नारीहरू मिलेर अघि बढेमा पुरुषहरूको अनावश्यक वर्चस्व स्वतः कमजोर भएर जान्छ। दोस्रो रूप र रङ्ग गोरो वा कालो हुँदैमा व्यक्ति परिपूर्ण, सर्वगुणसम्पन्न वा अवगुणयुक्त हुँदैन। कुनै एक व्यक्तिलाई सबल बनाउन अरू धेरैथरी व्यक्तिको सहकार्य आवश्यक छ। यसलाई रङ्गभेद विरुद्धको विम्बका रूपमा पनि लिन सकिन्छ। यो प्रसङ्गमा गाइने फागहरूमा बहुविवाहको विरोध पनि गरिएको छ। यसमा पुरुषहरूले बहुविवाह गरेमा महिलाहरूले नै सजग भएर त्यसको विरोध गर्नुपर्छ र यो परिपाटीलाई निषेध गर्नुपर्ने सन्देश पनि दिन खोजिएको छ।

## स्वयंवरको अवधारणा

कुनै कुमारीले कुनै कुमारलाई र कुमारले कुमारीलाई स्वतन्त्र रूपमा मन पराएमा प्रचलित विवाह संस्कारद्वारा मिलन गराएर दाम्पत्य जीवनको सुरुवात गर्नुलाई स्वयंवर भनिन्छ। तात्कालिक समयमा संसारका अन्य कुनै पनि स्थानमा स्वयंवरको प्रचलन नरहेकोमा हिमाली देशमा गौरा (पार्वती) ले महेश्वर (शिव) लाई स्वतः स्फुर्त रूपमा मन पराएर आफ्नै इच्छाले वरण गरेर सर्वप्रथम नारी स्वतन्त्रताको सूत्रपात गरिन् (शर्मा, २०६३, पृ.८७)। गौरापर्वमा पनि यही प्रसङ्ग जोडिएको छ। गौरा देवीले कठिन तपस्या गरेर आफूले मन पराएका महेश्वरलाई प्राप्त गरेको मान्यता रहिआएको छ।

उसो त गौरा पर्वमा विवाहित महिलाले मात्र व्रत उपासना र गौरापूजा गर्दछन्। कुनै नारीका पति घरबाहिर रहेका भए पनि गौरापर्वका समयमा घर आएर गौराको प्रसाद ग्रहण गर्छन्। यसरी नै गौराको प्रसाद ग्रहण गरेका श्रीमान्को सुस्वास्थ्य, दीर्घायु र कर्मसिद्धि हुने विश्वास छ। यसका साथै घरपरिवारमा समेत सुखशान्ति छाउने, सन्तानको भविष्य उज्वल हुने विश्वास पनि रहिआएको छ। यसरी हेर्दा यसले नारीको कठिन श्रम मेहनत, आत्मसम्मान, खुसी, त्याग र तपस्या नै पुरुष तथा

समग्र परिवारको सुख, शान्ति र समृद्धिको उद्गम हो भन्ने सन्देश दिन खोजेको छ ।

### फागहरूमा नारीहरूको स्थान

फागहरू भनेका माङ्गलिक शुभाशीष वा स्तुतिगान हुन् । जसमा मौलिक सूर र भाका हुन्छ । सुदूरपश्चिमको डोटेली संस्कृतिमा मानिसको जीवन संस्कारदेखि कुनै पनि उत्सवहरूमा पूजाआजासँगै फागहरू पनि गाइन्छ । फाग विनाको पूजा या कुनै पनि उत्सव अधुरो वा निरस मानिन्छ । फागमा विशेषतः सुभेच्छा, सुभाशीष, भक्ति, या शक्तिको बखान हुन्छ । फाग महिलाले मात्रै गाउँछन् । फागुमा दुइटा दृष्टिकोणले महिला पक्षधरता देखिन्छ । पहिलो फाग महिलाले मात्रै गाउने चलन छ । यो वैशिष्ठ्य भइहाल्यो । दोस्रो गौराकै वर्णनमा विषेश फागहरू निर्माण गरिएका छन् । यी फागहरूमा गौरा देवीको गुणगान, महेश्वरसँगको सुसम्बन्ध निर्माणको सल्लाह, गौराको हकअधिकार र सम्मानको सन्दर्भ आदि समावेश गरिएका छन् ।

पञ्च बिरुडा राख्ने, पञ्च बिरुडा पखाल्ने, मन्याराकी गौरा (गङ्गा) पूजा, गौरा ल्याउने, गौरा भित्र्याउने, सञ्जा ल्याउनेदेखि नियमित गौरापूजा र गौरा विसर्जनसम्म फागहरू गाइन्छन् । फाग गाउने महिलाहरूलाई फगारी भनिन्छ । गाउँमा सबैले फाग गाउन सिकेका हुँदैनन् । जो महिला फागमा निपुण हुन्छन्, उनीहरूको तत्तत् उत्सवहरूमा त सम्मान हुन्छ नै अन्य अवस्थामा समेत गाउँछिमेकमा सम्मानित रूपमा हेरिएको हुन्छ । फगारीहरूमा पनि पुस्तान्तरणको शृङ्खला चलिरहन्छ । तर वर्तमानमा भने फागप्रति रुचि राख्ने महिलाहरूको सङ्ख्या घट्दै गइरहेको छ । जसले गर्दा एकातिर फगारीको माग र महत्त्व त बढेको छ । त्यसबाहेक यसको जगेर्नाको चुनौती पनि थपिएको छ । समग्रमा गौरा पर्व र फाग संस्कृतिमा नारीलाई विषेश सम्मान र महत्त्व दिएको पाइन्छ ।

### डेउडाखेलहरूमा नारीहरूको स्थान

सुदूरपश्चिमका मौलिक कला संस्कृतिमध्ये डेउडा पनि महत्त्वपूर्ण छ । देउडा गीत, नाच र अभिनयको संयोजन हो । गोलो घेरा बनाएर लयको तालमा पैताला मिलाउँदै हात र अनुहार आदिले अभिनयसमेत गर्दै गाइने गीतलाई डेउडा भनिन्छ । यो सवालजवाफमा र दोहोरीशैलीमा गाइन्छ । गीत निर्माण गर्ने प्रमुख व्यक्तिलाई डेउडिया भनिन्छ । बाँकी सबै सहभागीले गायनमा साथ दिन्छन् । प्रचलित भाषामा यसलाई गीत नभनेर डेउडा खेल भनिन्छ । डेउडाखेल महिला र पुरुषका बिचमा, पुरुषपुरुषका बिचमा या महिलामहिलाका बिचमा मात्र गाइन्छ वा खेलिन्छ । विशेष आयोजना, प्रतियोगिता वा युवायुवतीले लुकिचोरी खेल्ने डेउडाबाहेक सामान्य अवस्थामा पुरुषहरू बेग्लै र महिलाहरू बेल्लै डेउडा खेल्दछन् । मेला, जात्रा, विवाह, रत्यौली, सांस्कारिक उत्सवहरू आदिमा डेउडा खेलिन्छ । महिलाहरूले डेउडा खेल्ने मुख्य अवसर गौरा र तिज पर्व हुन् ।

यस अवसरमा महिलाहरू दिनभरि घरव्यवहार र मेलापातका कामहरू सिध्याउँछन् र रातभरि जाग्राम बसेर डेउडा खेल्छन् । यस्ता डेउडामा पुरुषहरूको उपस्थिति वर्जित गरिएको हुन्छ । महिलाहरूले घरपरिवार, मेलापात, समुदाय आदिमा भोगिरहेका दुःखकष्ट, पुरुषहरूको हेपाई आदि विषयहरूलाई डेउडा गीतको माध्यमबाट पोखेका हुन्छन् । त्यससँगै महिला मुक्ति, समानता, उत्थान, विद्रोह आदि विषयमा पनि डेउडामै अभिव्यक्ति हुन्छ । यस्ता डेउडाखेलमा महिलाहरू धक फुकाएर आफ्ना भावना र विचारहरू व्यक्त गर्ने गर्दछन् । दैनिक घरव्यवहारले भेटघाट नभएका तथा टाढाटढा रहेका महिलाहरूले आपसमा भेट्ने, सुखदुःख साटासाट गर्ने, आपसी सम्बन्ध बिस्तार गर्ने अवसरका रूपमा पनि डेउडा खेललाई लिने गर्दछन् ।

### गौरा पर्वमा नारीहरूले झेल्नुपर्ने समस्या

गौरा पर्वका औपचारिक गतिविधिहरूमा महिलाहरूको अग्रणी भूमिका रहे तापनि घरव्यवहारका सन्दर्भमा भने कतिपय दुःखकष्ट र झमेलाहरू परिरहन्छन् । निम्नमध्यम वर्गीय ग्रामीण समुदायमा अधिकांश महिलाहरूले नै घरव्यवहार सम्हाल्नुपर्ने हुन्छ । गौरा पर्व सुरु हुनु केही दिन अघिदेखि नै

खानपान, सरसफाइ आदिमा विशेष ध्यान दिनुपर्ने हुन्छ । गौरा घर, पानीपँधेरो आदिको सरसफाइ तथा व्यवस्थापन गर्नुपर्ने, बिरुडा तयार गर्नुपर्ने आदि कामहरू महिलाहरूले नै गर्नुपर्ने हुन्छ । व्रत तथा उपवास महिलाहरूले मात्र बस्ने गरिन्छ । यस्ता काम गर्दागर्दै पनि मेलापात, घरव्यवहार, गाईगोरुको स्याहारसमेत आफैँले भ्याएर गौरा उत्सवमा सहभागी हुनुपर्ने भएकाले महिलाहरूका लागि केही अतिरिक्त कष्ठ सृजना हुने गर्दछ । त्यसबाहेक आर्थिक अग्राधिकार पुरुषहरूमा हुने भएकाले नयाँ लुगाकपडा, पूजासामग्री आदिको व्यवस्थापनमा पनि पुरुषहरूकै भर पर्नुपर्ने हुन्छ । विपन्न आर्थिक अवस्था भएका महिलाहरूका लागि यो आत्मसम्मानमा ठेस पुग्ने र नैराश्यता उत्पन्न गराउने पर्व पनि हो ।

गौराका बारेमा प्रचलित केही आख्यानहरूका सन्दर्भ हेर्दा पनि महिलामाथिको विभेद र पुरुष श्रेष्ठताको झल्को देखिन्छ । यसमा महेश्वरले गौरालाई विभिन्न प्रकारले उपेक्षा गरेको, गौरा दु:खी भएर माइती गएको, माइतमा पुग्दा पनि सुरुवाती व्यवहारहरू अपमानजनक पाएको जस्ता सन्दर्भ आएका छन् । गौरा देवीको बिदाइ गर्दा कतिपय महिलाहरूले आफ्नै छोरीचेली बिदा गरे जस्तैगरी दु:ख व्यक्त गर्दै विरहका गीत, फागहरू गाउने पनि गर्दछन् । यसले गौरा विसर्जन गरेपछि नारीहरूका कष्टका दिनहरू फेरि सुरु हुने सङ्केत पनि गर्दछ । यस आधारमा हेर्दा पौराणिक र प्राचीनकालमा पनि समाजमा पुरुषको वर्चश्व र अग्राधिकार थियो र महिलाहरू अनेक दु:खकष्टमा थिए भन्ने बुझिन्छ । तर उक्त अवस्थाभन्दा माथि उठ्न र समाजमा लैङ्गिक समानता कायम गर्न गौरा पर्वले अनेक तवरले प्रोत्साहन गरेको पाइन्छ ।

## गौरा पर्वका गतिविधमा पुरुषहरूको भूमिका

पुरुषप्रधान समुदायका हरेक क्षेत्रमा पुरुषहरूको वैशिष्ट्यता रहन्छ । व्यक्तिगत जीवन संस्कारका हरेक घटनादेखि परिवार र समाजका उत्सव, मर्दापर्दा आदि सबै गतिविधिहरूमा पुरुष अग्रस्थानमा हुन्छन् भने महिलाहरू सहायकका रूपमा रहन्छन् । तर गौरा यस्तो पर्व हो, जहाँ महिला अग्रस्थानमा रहन्छन भने पुरुषहरू सामान्य सहायकको भूमिकामा रहन्छन् । गौरा सुरुवातदेखि विसर्जनसम्म कुनै पनि औपचारिक गतिविधिमा पुरुषहरूको प्रत्यक्ष सहभागिता वा भूमिका रहँदैन । गौरा मण्डपमा पूजा सञ्चालन गराउने पण्डितबाहेक पुरुषहरूको कुनै जिम्मेवारी हुँदैन । पुरुषहरू घरव्यवहार र उत्सव व्यवस्थापनका सहायक मात्र हुन्छन् । गौरा पर्वका मुख्य गतिविधिहरूमा पनि पुरुषहरूको भूमिका सहयोगीको रूपमा मात्र हुन्छ । पुरुषहरूको प्रत्यक्ष सहभागिता हुने भनेको खेल, चैत, धमारी आदिहरूमा मात्र हो । गौराका अवसरमा खेलिने खेल, चैतहरू पुरुषहरूले मात्र खेल्छन् । ती खेल, चैत, धमारीका निर्माता पनि अक्सर पुरुषहरू नै हुन्छन् ।

अधिकांश क्षेत्रमा गौरा भित्र्याउने र विसर्जनका लागि जलासयसम्म लैजाने काम डालोमा राखेर महिलाहरूले नै गर्छन् । तर कर्णाली आसपासका कतिपय स्थानमा डोलीमा राखेल भित्र्याउने र विदा गर्ने प्रचलन छ । यस्तोमा डोली बोक्ने काम पुरुषहरूले गर्छन् । धेरैजसो स्थानमा व्रतालु महिलाहरूले गौरापूजा गरेपछि पहिलो प्रसाद आफ्ना पतिलाई दिन्छन् । गौराको प्रसाद अर्थात् बिरुडा ग्रहण गरेमा पुरुषले सुस्वास्थ्य, सफलता र दीर्घायु प्राप्त गर्ने विश्वास गरिन्छ । यस सन्दर्भमा पुरुषहरूको वैशिष्ट्यता झल्किन्छ । गौराको प्रसाद बिरुडा नपाउने पुरुषहरूले एक प्रकारको नैराश्यता महसुस गर्दछन् । गौरा पर्वमा पुरुषहरूको अग्रणी भूमिका नरहे पनि हरेक पुरुषहरूले यसलाई आफ्नै पर्वको रूपमा ग्रहण गरेका हुन्छन र उसैगरी उत्सव मनाएका हुन्छन् ।

## निष्कर्ष

विपन्न किसान समुदायका मान्छे दिनहुँ उत्सव मनाउन सक्ने अवस्थामा हुँदैनन् । अझ त्यसमा महिलाहरूका लागि त झन् उत्सव पनि उत्सवजस्ता हुँदैनन् । विशेषत: ग्रामीण पहाडी खसआर्य समुदायमा पुरूपहरूले उत्सव मनाएर बचेखुचेको चिजबिजमा महिलाहरूले रमाउनुपर्ने अवस्था आज पनि विद्यमान छ । उनीहरूले नितान्त

आफूलाई प्राथमिकतामा राखेर उत्सव मनाउने, रमाउने समय मुस्किलले वर्षमा कहिलेकाहीँ भेटाउँछन् । सुदूरपश्चिमका महिलाहरूका लागि त्यो एउटा अवसर गौरा पर्व हो । महिलाहरूकै कथा, महिलाहरूकै सहभागिता, महिलाहरूकै आवाज र महिलाहरूकै अधिपत्य हुने गौरा पर्वलाई महिला मुक्तिको लागि निर्माण गरिएको पौराणिक उत्सव मान्न सकिन्छ । गौरापर्वका धार्मिक, सामाजिक, ऐतिहासिक, आर्थिकलगायत विविध आयामको महत्त्व छ । ती सबैभन्दा बढी महत्त्वपूर्ण विषय यो पर्व महिला मुक्ति, महिला उत्थान, महिला अग्राधिकार र लैङ्गिक समानताको पक्षमा वकालत गर्ने यो क्षेत्रको सबैभन्दा ठुलो र प्रभावकारी पर्व हो ।

गौरा पर्वबारेका पौराणिक, ऐतिहासिक, सामाजिक आदि कथ्यहरूमा नारीशक्तिको महिमागानका साथै महिलालाई उच्च सम्मान व्यक्त गरिएको छ । गौरा पर्वमा सञ्चालन गरिने मुख्य अनुष्ठान र पूजाआजामा महिलाहरूको भूमिका र सहभागिता विशिष्ट छ । गौरा उत्सवका दौरान गरिने सहायक गतिविधिमा महिलाहरूलाई यथेष्ट स्वतन्त्रता दिइएको छ । महिला सबल भएमा परिवार सबल हुन्छ । सोही सोपानबाट समाज र राष्ट्र सबल हुन्छ । त्यसैले महिला सबलीकरण आजको समाजको सबैभन्दा महत्त्वपूर्ण मुद्दा हो । यसका साथै समाज निर्माण वा विनाशका लागि संस्कार र संस्कृति सबैभन्दा ठुलो र प्रभावकारी हतियार हो । संस्कार र सांस्कृतिक रूपान्तरणका माध्यमबाट हुने सामाजिक रूपान्तरण सबैभन्दा दीगो हुन्छ । त्यसैले हाम्रो समाजको स्वरूप र संरचना सांस्कृतिक आधारबाट निर्माण गरिनुपर्छ । परिवर्तन र पुनर्निमाणको माध्यम पनि सांस्कृतिक विरासत नै हुनुपर्छ । सुदूरपश्चिमेली समुदायका लागि गौरा पर्व एउटा यस्तै सांस्कृतिक विरासत बोकेको पर्व हो । जसले नारी शक्तिको सम्मान, लैङ्गिक समानता र सामाजिक सुव्यवस्थाको पक्षमा वकालत गर्दछ ।

## सन्दर्भ सामग्रीसूची


नेपाल, पूर्णप्रकाश यात्री (२०३५). *सेतीअञ्चल दिग्दर्शन*. विराटनगर : हिमाली सौगात प्रकाशन ।

बिनाडी, बद्री शर्मा (२०७९). *सांस्कृतिक पर्व: गौरा*. डोटी : लेखक स्वयम् ।

भट्टराई, भोजराज (२०७०). *डोटी राज्यको इतिहास*. डडेल्धुरा : भोजराज भट्टराई ।

भाइसाब, वासुदेव (२०६३). *सुदूरपश्चिममा डोटी प्रदेशका लोकगाथा अवलोकन*. महेन्द्रनगर : महाकाली साहित्य सङ्गम ।

शर्मा, ऋषिप्रसाद (२०६३). *नेपाल राष्ट्रिय चाडपर्व*. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पाण्डेय, वासुदेव (सं.). (२०७१). *आदर्श मुखपत्र*. डडेल्धुरा : आदर्श सेवा समाज, विशोषाङ्क ।

विकिपिडिया तथा विभिन्न अनलाइन स्रोतहरू ।


■